# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३


पत्र सङ्ख्या :-

चलानी नं. :-

मिति :२०८१/०७/०९

शिक्षक तथा कर्मचारी बैंक तयार गर्ने परीक्षाको विज्ञापन

(तेस्रो पटक प्रकाशित मिति: २०८१।०७।०९)

बबई गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त भएका र आगामी दिनमा रिक्त हुने तपसिल अनुसार करार, राहत, शिक्षण सिकाइ अनुदान सङ्घीय र पालिका अनुदान पदमा करार पदपूर्ति गर्नका लागि बबई गाउँपालिकाको **"गाउँपालिकाका विद्यालयमा रिक्त हुने शिक्षक, कर्मचारी पदपूर्तिको लागि एकिकृत परीक्षा प्रणालीबाट शिक्षक, कर्मचारी बैङ्क तयार गर्ने कार्यविधि, २०८१"** बमोजिम प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी शिक्षक, कर्मचारी बैङ्क तयार गर्नु पर्ने भएकोले न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यसैसाथ संलग्न ढाँचाको दरखास्त फाराम भरेर पेस गर्नुहुन यो विज्ञापन प्रकाशन गरिएको छ ।

१. विज्ञापनको विवरण:

| क्र स. | विज्ञापन नं. | पद | तह | श्रेणी | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/(क) २०८१-८२ | शिक्षक | माध्यमिक तह | तृतीय | अङ्ग्रेजी | |
| २ | १/(ख) २०८१-८२ | शिक्षक | माध्यमिक तह | तृतीय | विज्ञान | |

२. **पारिश्रमिक तथा अन्य सुविधा:-** योग्यता क्रम सहितको सूचिबाट सिफारिस भई विद्यालयमा नियुक्ति भए पश्चात सम्वन्धित पद, तह, कोटा र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरे बमोजिमको र पालिकाको शिक्षण सिकाइ अनुदानको हकमा गाउँपालिकाले तोके बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा हुनेछ ।

३. **परीक्षाको पाठ्यक्रम र परीक्षा सञ्चालन:-** माध्यमिक तह शिक्षक पदको हकमा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमका आधारमा परीक्षा सञ्चालन गरिनेछ। कार्यविधि कार्यालयको Website-https://babaimun.gov.np मा राखिएको छ ।

४. **परीक्षा सञ्चालन:-** परीक्षा सञ्चालन हुने मिति, समय र स्थानको बारेमा विज्ञापनको समय समाप्ति भए पश्चात कार्यालयबाट सूचना प्रकाशन गरिनेछ।

५. माध्यमिक तहको शिक्षक पदको लागि रु २०००।–

६. दरखास्त दिने अन्तिम मिति:- २०८१।०७।२३ गते सम्म ।

प्रमुख प्रशासकीय अधिकृत

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३


पत्र सङ्ख्या :-

चलानी नं. :-

७. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः-

क) नेपाली नागरिक

ख) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

ग) माध्यमिक तहको हकमा शिक्षक सेवा आयोगद्वारा सम्वन्धित तहका लागि पछिल्लो पटक प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिमको शैक्षिक योग्यता पुरा भएको, साथै माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

८. उम्मेदवारले पेस गर्नुपर्ने आवश्यक कागजातहरुः-

क। नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

ख। दरखास्त दस्तुर बुझाएको भौचरको सक्कल प्रति,

ग। सम्वन्धित तहको लागि तोकिएको शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भए मार्कसिट/ग्रेडसिट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी। विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ,

घ।यसै साथ संलग्न गरिए अनुसार दरखास्त फाराम भरेका कागजातहरु,

२०८१।०६।०३

(चेत नारायण कंडेल)
प्रमुख प्रशासकीय अधिकृत

**चेत नारायण कंडेल**
**प्रमुख प्रशासकीय अधिकृत**


"हाम्रो उत्पादन हाम्रो बजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार"
फोन नं.०८२-४०३०६९(अध्यक्ष), ०८२-४०३०७०(उपाध्यक्ष), ०८२-४०३०६८ (प्रमुख प्रशासकीय अधिकृत)
इमेल : ito.babaimun@gmail.com, info@babaimun.gov.np
वेबसाईट : https://babaimun.gov.np